नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

फोन नं.-४२००५११/४२००३०४

पत्र संख्याः ०७९/८०

चलानी नं.: १६४

मिति :२०७९/०६/२६

विषयः विपद् व्यवस्थापन सम्बन्धमा ।

श्री स्थानीय तह
(कर्णाली र सुदूरपश्चिम प्रदेशभित्रका सबै)

विगत केहिदिन देखिको भिषण र अविरल वर्षाको कारणले कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानमा जनधनको ठूलो क्षति भएको छ । संघ, प्रदेश तथा स्थानीय सरकारको तर्फबाट खोज,उद्धार तथा राहतका कार्यहरु भैरहेका छन् । संघीय शासन प्रणालीको अवलम्बनसंगै सेवा प्रवाह, स्थानीय विकास निर्माण तथा जनसरोकारको विषय नागरिकको सबैभन्दा नजिकको सरकार स्थानीय तहको जिम्मेवारीमा पर्दछ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले स्पष्ट रुपमा विपद् व्यवस्थापनको सन्दर्भमा स्थानीय तहको समेत भूमिका उल्लेख गरेको छ । कोभिड १९ को माहामारीको समयमा स्थानीय तहले उल्लेखनीय भूमिका निर्वाह गरिसकेको विषय समेत स्मरण गराउँदै हालको प्राकृतिक विपत्तिबाट उत्पन्न विषम परिस्थितिलाई मनन गरी स्थानीयस्तरमा क्रियाशील सरकारी तथा गैर सरकारी निकाय, निजी क्षेत्र, नागरिक समाज तथा स्थानीय समुदाय लगायत सम्बद्ध सबै पक्षसँग समन्वय र सहकार्य गरी खोज, उद्धार, राहत तथा पूनर्स्थापना सम्बन्धी कार्यमा प्रभावकारी र नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

रेशम कँडेल
उपसचिव

श्री सूचना तथा प्रविधि शाखाः website मा अपलोड गरिदिनु हुन ।